# गरिबी निवारण नीति, २०७६

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाडौं

# गरिबी निवारण नीति, २०७६

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपाल विश्वको अतिकम विकसित मुलुकहरु मध्येको एक हो [१]। भूपरिवेष्ठित भूगोलले बाह्य संसारसँगको सम्बन्धमा केही संकुचन गराएको भएता पनि भूमण्डलीकरण, आर्थिक उदारीकरण र सूचना प्रविधिले विकासका सबै पक्ष, सम्भावना र अवसरहरुसँग नेपाललाई जोडेको छ । श्रम आप्रवासनको बढ्दो गतिशीलताले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण राष्ट्रिय आयको एक प्रमुख स्रोत बन्न पुगेको छ । नेपालको आर्थिक विकासको लागि कृषि क्षेत्र अझै पनि प्रमुख आधारशिलाको रुपमा रहेको हुँदा यसको व्यावसायीकरण तथा विविधीकरणको लागि प्रयास हुदै आएपनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। उपभोग्य वस्तुहरुको आयात बढ्दै गएको, स्वदेशमा रोजगारीका पर्याप्त अवसरहरु सृजना हुन नसकेको, उद्योग क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनमा अपेक्षित रुपमा वृद्धि हुन नसकेको, मुद्रास्फिर्ति बढ्दै गएको, खाद्यबस्तु र आधारभूत आवश्यकताको परिपूर्ति महङ्गो बन्दै गएको सन्दर्भमा विपन्नहरुको दैनिकी अझै कठिन अवस्थामा रहेको छ ।

नेपालको संविधानले नागरिकलाई मर्यादित जीवन बाँच्न पाउने हक सुनिश्चित गरेको छ । यसमा मानव विकास, सामाजिक न्याय र सुरक्षा, समावेशी संरक्षण, नागरिकको आधारभूत आवश्यकताको परिपूर्ति जस्ता विषयमा राज्यलाई मार्गदर्शन गरी सुशासन, मानव अधिकार, सामाजिक र आर्थिक सम्वृद्धि, सामाजिक रुपान्तरण र समावेशीकरणलाई राज्य सञ्चालनको आधारका रुपमा लिईएको छ ।

सरकारको निरन्तरको प्रयास, सहश्राब्दी विकास लक्ष्यहरु पूरा गर्न गरिएको प्रयास, वैदेशिक रोजगारमा भएको बृद्धिबाट प्राप्त उपलब्धीले गरिबीमा कमी आएतापनि अझै १८.७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । गरिबी विरुद्धको अभियानमा समृद्धि उन्मुख यात्रा तय गर्न सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको एकीकृत प्रयत्न जरुरी छ । गरिबी निवारणका प्रयासहरुलाई नीतिगत मार्गदर्शन गर्न र गरिबी निवारण सम्बन्धी कार्यक्रमहरुको समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न गरिबी निवारण नीति आवश्यक भएको हो । संघीय संरचनामा गरिबी निवारणको अधिकार संघ, प्रदेश र स्थानीय तहमा रहेकोले गरिबी निवारणको प्रयासमा तीनवटै तहका सरकारको बिचमा एकरुपता कायम गरी जनता लाई समृद्धितर्फको यात्रामा निर्देशित गर्न गरिबी निवारण नीतिको अपरिहार्यता देखिएको छ।

### १.२. गरिबी सम्बन्धी विश्लेषण

आर्थिक वर्ष २०७४/७५ मा नेपालको कुल जनसंख्या को करिब १८.७ प्रतिशत[२] जनसख्या गरिबीको रेखामुनी रहेका थिए ।सोही आर्थिक वर्षमा नेपालीहरुको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित

[१]मानव विकास प्रतिवेदन, संयुक्त राष्ट्रसंघ २०१५

[२]पन्धौं योजना आधार पत्र, २०७५, राष्ट्रिय योजना आयोग

मूल्यमा) १०१२ अमेरिकी डलर रहने अनुमान गरिएको थियो । त्यसैगरी प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू१,०३,३३५ (अमेरिकी डलर १००४) रहने अनुमान गरिएको थियो । [३] त्यसैगरी सोही आर्थिक वर्षमा धनी र गरिब बीचको खाडल (जिनी गुणक) ०.३१ रहेको थियो[४]। मुलुकको गरिबीको विश्लेषण गर्दा यहाँको गरिबी पृथक प्रकृतिको देखिन आउँछ। भौगोलिक क्षेत्र, जाति, लिङ्ग, अपाङ्गता भएका नागरिकहरु, सिमान्तकृत वर्ग समेतका आधारमा मात्र नेपालको गरिबीको फैलावट , गरिबीको सघनता, विषमता र गहनतालाई मनन गर्न सकिन्छ। समाजको परिवर्तित संरचना, बदलिंदो जीवनशैली, प्रविधिमा भएको विकास तथा सोको उपयोग समेतले गरिबीको आयाम र बुझाईमा सापेक्ष चिन्तन भित्रिएको छ । शहरी क्षेत्रमा अव्यवस्थित बसाईसराईको तीव्रता र विप्रेषणको प्रभावबाट ग्रामीण गरिबी केही घटेको छ भने ग्रामीण गरिबी शहरी गरिबीको रुपमा रुपान्तरण हुने क्रम बढ्दै गएको छ। तेहौं योजनासम्म आईपुग्दा गरिबीको रेखामुनी रहेको जनसंख्याको ठूलो हिस्सा गरिबीको दुष्चक्रमा परिरहेको आङ्कलन गरिएको थियो। [५] हाल चौधौं योजनाको अन्त्यतिर आईपुग्दा समेत गरिबी निवारण र आर्थिक असमानताको क्षेत्रमा अपेक्षाकृत उपलब्धी हासिल हुन सकेको छैन ।

सन् २०११ मा नेपालको मानव विकास सूचकाङ्क ०. ४९० थियो ।[६] नौवटा आर्थिक विकास क्षेत्रहरुमध्ये काठमाडौं उपत्यकाको मानव विकास सूचकाङ्क सवैभन्दा बढी ०.६२२ थियो भने पश्चिम, मध्यपश्चिम र सुदूर पश्चिमका हिमाली क्षेत्रको मानव विकासक सूचकाङ्क सवैभन्दा कम ०.३९८ रहेको थियो। मानव विकास सूचकाङ्कमा माथि रहेका ५ वटा जिल्लाहरु काठमाण्डौ, ललितपुर, कास्की, भक्तपुर र मनाङ थिए। चितवन जिल्ला सहित यी जिल्लाहरुको मानव विकास सूचकाङ्क ०.५५ भन्दा माथि थियो। त्यसैगरी मानव विकास सूचकाङ्कमा तल परेका ५ वटा जिल्लाहरु बाजुरा, बझाङ, कालिकोट, हुम्ला र अछाम थिए। जातिगत विश्लेषणका आधारमा मधेशी दलित र मुस्लिम समुदायको मानव विकास सूचकाङ्क तुलनात्मक रुपमा तल रहेको थियो। तथापी सन् २०१८ मा नेपालको मानव विकास सूचकाङ्क ०.५७८ रहेको थयो।[७]

बहुआयामिक गरिबी सूचकाङ्क (एम.पि.आई) का आधारमा नेपालमा जनसंख्याको २८.६ प्रतिशत मानिसहरु गरिब रहेको पाईएको छ। यस अनुसार शहरी जनसंख्याको ७ प्रतिशत र ग्रामिण जनसंख्याको ३३ प्रतिशत मानिसहरु गरिब रहेको देखिन्छ। [८] प्रदेश नं. ६ र २ मा गरिबीको दर उच्च रहेको देखिन्छ। नेपालको समग्र गरिबीमा कुपोषण र विद्यालयमा ५ वर्ष अध्ययन पुरा नगर्ने सुचकहरुको भूमिका वढी रहेको देखिएको छ।

२०७२ बैशाखमा गएको महाभूकम्प तथा २०७४ सालको बाढी बाट समग्र गरिबीको स्थितिमा नकारात्मक असर रहेको देखिएको छ । गरिबी निवारणका लागि स्थानीय आर्थिक क्रियाकलापहरुलाई

---

[३]आर्थिक सर्वेक्षण, २०७४।०७५

[४]पन्धौं योजना आधार पत्र, २०७५, राष्ट्रिय योजना आयोग

[५]तेह्रौ योजना, २०७०

[६]नेपाल मानव बिकास प्रतिवेदन, संयुक्त राष्ट्रसंघ- २०१४

[७]मानव बिकास प्रतिवेदन, संयुक्त राष्ट्रसंघ- २०१८

[८]नेपाल वहुआयामिक गरिबी सुचकाङ्क (एम.पि.आई), राष्ट्रिय योजना आयोग, २०१८

बढाउने र आधारभूत सार्वजनिक सेवा प्रवाह क्षमताको पुनः स्थापन लगायत पुनःनिर्माणका कार्यहरुको प्रभावकारी कार्यान्वयन आवश्यक भएको छ।

### १.३. गरिबी निवारणका चुनौती

(क) गरिबी र पछौटेपनलाई नेपाली समाजबाट निमिट्यान्न नपारुञ्जेल नागरिकहरुको समृद्धिको चाहना सम्भव नहुने हुँदा गरिबीको बुझाईमा एकरुपता कायम गरी गरिबी निवारणको प्रयासलाई एकिकृत, सार्थक र प्रभावकारी बनाउनु,

(ख) दीगो बिकास लक्ष्य (सन् २०१६- ३० सम्म) अनुरुप सवै स्वरुपको गरिबी निर्मूल गर्नु,

(ग) धनी र गरिबबिचको असमानता , शहर र गाउँबिचको असमानता र विभिन्न भौगोलिक क्षेत्रहरुविचको असमानता घटाउनु,

(घ) विभिन्न कारणले बढिरहेको आन्तरिक आप्रवासीहरु शहरमा सुरक्षित बास, स्वच्छ खानेपानी लगायतका आधारभूत आवश्यकताबाट बञ्चित रहेको अवस्थाले शहरी क्षेत्रको गरिबी निवारण गर्न,

(ङ) प्रत्येक बर्ष श्रम बजारमा थपिने श्रमिकलाई मुलुकभित्रै रोजगारीको सृजना गरी वैदेशिक रोजगारको बहाव र प्रभावलाई न्यूनीकरण गर्नु,

(च) मुलुकभित्र भित्रिने आर्थिक तथा सामाजिक विप्रेषणलाई पुँजी निर्माणमा उपयोग गर्नु,

(छ) कृषि पेशालाई मर्यादित बनाई व्यवसायीकरण र आधुनिकीकरण गरी आकर्ष क बनाउन र कृषिमा आश्रित अधिक जनसंख्यालाई व्यावसायिक कृषि , कृषिजन्य उद्योग र गैरकृषि उत्पादनशील क्षेत्रमा स्थानान्तरण गराउनु,

(ज) गरिब परिवारका बालवालिकाले जीवनोपयोगी शिक्षा पाउन सकेका छैनन् । उनीहरुले जीवनभर न्यून ज्यालामा श्रम गर्नुपर्ने र अधिक जोखिमपूर्ण श्रम गर्नुपर्ने अवस्था रहेको हुँदा गरिब पुनः गरिबीको दुष्चक्रभित्र पर्न जाने अवस्थाबाट पार लगाउनु,

(झ) प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तन ले सृजना गरेको प्रतिकुल अवस्थासँग जुध्ने क्षमता वृद्धि गर्नु र यस्तो प्रतिकुल अवस्थामा प्रभावित व्यक्ति तथा परिवारलाई त ङ्ग्रिने अवस्था बनाउनु,

(ञ) पुँजी र प्रविधिमा गरिब व्यक्ति तथा परिवारको पहुँच नगण्य छ ।मूल्य वृद्धिको कारणले गरिब व्यक्ति तथा परिवारले मर्यादित जिवनयापनको लागि अत्यावश्यक वस्तुहरु किन्न नसक्ने अवस्था छ । यस्तो स्थितिमा गरिब व्यक्ति तथा परिवारलाई गरिबीको दुष्चक्रबाट बाहिर ल्याउनु,

(ट) मुलुकमा रहेका वास्तविक गरिब ब्यक्ति, परिवार तथा समुदाय पहिचान गरी उनीहररुको जीवनस्तर उठाउने गरी लक्षित कार्यक्रम सञ्चालन गर्नु चुनौतीपुर्ण छ ।

### १.४. गरिबी निवारण नीतिको आवश्यकता र औचित्य

(क) नेपालको संविधान, २०७२ को धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न (१) पाउने मौलिक हकको व्यवस्था सुनिश्चित गरिएको छ । साथै संविधानमा मानव विकास, सामाजिक न्याय र सुरक्षा, समावेशी संरक्षण, नागरिकको आधारभूत आवश्यकताको परिपूर्ति जस्ता विषयमा मार्गदर्शन गरी सुशासन , मानव अधिकार, सामाजिक आर्थिक रुपान्तरण र समावेशीकरणलाई राज्यसञ्चालनको आधारका रुपमा स्थापित गरि एको छ । नेपालले राष्ट्रिय रुपमा तय गरेका शासकीय पद्धति, स्वरुप र ढाँचा एवं आर्थिक सामाजिक विकासका बृहत नीतिहरु मूलतः मिश्रित अर्थव्यवस्थाको अनुशरण गरी अभ्यासमा ल्याइएका छन् । लोकतन्त्र, मानव अधिकार, सामाजिक न्याय, समानता, आधारभूत आवश्यकताको परिपूर्ति , रोजगारीको प्रत्याभूति, कमजोर र पछाडी परेका वर्ग तथा समुदायको लागि समता, संरक्षण र आरक्षण समेतको संबैधानिक र कानूनी व्यवस्थाहरु मुलुकले अंगिकार गरिसकेको छ । यद्यपि कमजोर र विपन्न वर्गलाई माथि उ ठाउन, गरिबी घटाउन र अन्ततः गरिबीलाई वर्तमान पुस्ताबाटै हटाउन राज्यका प्रयासहरु सार्थक बनाउन र समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्य प्राप्त गर्न गरिबी निवारण नीतिको आवश्यकता छ ।

(ख) विगतमा सरकारी र गैरसरकारी क्षेत्रबाट संचालित गरिब लक्षित कार्यक्रमहरु लक्षित वर्ग र समुदायसम्म प्रभावकारी रुपमा पुग्न नसकेको विश्लेषण गर्दै दशौं योजनाले गरिबी निवारणका कार्यक्रमबाट गरिब नै बञ्चित रहेको चित्र अघि सारेको थियो । यसका लागि गरिब पहिचान सहित एकीकृत गरिबी निवारणको समग्र नीतिको आवश्यकता तेह्रौं योजना तर्जुमा अवधिमै महशूस भएको थियो । यसै विषयलाई मध्यनजर गरी गरिबी निवारणका लागि सलंग्न सबै सरोकारवालाहरु बीच समन्वय गर्न र गरिबी निवारण सम्बन्धी योजना , कार्यक्रम तथा परियोजनाहरु तर्जुमा एवं कार्यान्वयन गर्ने कार्यमा मार्गनिर्देश गर्न गरिबी निवारण नीतिको आवश्यकता देखिएको हो ।

## २. गरिबी निवारण नीति

### २.१. दीर्घकालिन सोच

गरिबीमुक्त र समानतायुक्त समाज ।

### २.२. लक्ष्य

आर्थिक असमानता न्युनीकरण गर्ने एवं गरिबीको रेखामुनि रहेको जनसंख्या वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.स. २१०० सम्म शून्यमा झार्ने ।

## २.३. उद्देश्य

सरोकारवाला मन्त्रालयहरु, प्रदेश सरकार र स्थानीय तहको साथसाथै निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यबाट गरिबी निवारणको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने यो नीतिको उद्देश्य रहेको छ ।

## २.४. नीतिहरु

प्रस्तुत नीतिको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न देहाएका नीतिहरु लिईएको छः-

२.४.१. गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सृजना गर्ने ।

२.४.२. उपलव्ध प्राकृतिक स्रोतसाधनको उपयोगमा गरिव तथा विपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

२.४.३. गरिबी निवारणका प्रयासहरुमा गरिब एवम् विपन्न वर्गको सहभागिता स्थापित गर्ने ।

२.४.४. गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानविय आवश्यकतामा सहज र न्यायपूर्ण रुपमा पहुँच स्थापित गर्ने ।

२.४.५. गरिब र विपन्न वर्ग प्रति विभिन्न स्वरुपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने ।

२.४.६. गरिब व्यक्ति, परिवार तथा विपन्न वर्ग पहिचान गर्ने ।

## २.५. रणनीति तथा कार्यनीति

माथी उल्लिखित नीतिका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछन्-

**२.५.१. नीति २.४.१ "गरिब व्यक्ति तथा परिवारका लागि मुलुकमा उत्पादनशील रोजगारी एवं स्वरोजगारी सृजना गर्ने" का लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछन्:-**

<u>**रणनीति**</u>

(क) प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरु संचालन मा सरकारी निकायहरुका साथै सहकारी संस्थाहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु र निजी क्षेत्रलाई समेत परिचालन गर्ने ।

(ख) रोजगार तथा स्वरोजगारमुलक सिप विकास तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका सरकारी , सहकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य , समन्वय र सहजीकरण गर्ने। यस्तो शैक्षिक कार्यक्रम तथा प्रणाली मार्फत समाजमा सवै पेशालाई सम्मान गर्ने संस्कारको विकास गर्ने।

(ग) रोजगार तथा स्वरोजगारमूलक शिक्षा र प्राविधिक तथा व्यवसायिक सीप विकास तालिम कार्यक्रमहरु संचालन गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था तथा निकायको कार्यक्रमहरुलाई गरिब लक्षित बनाउने ।

(घ) स्थानीय जनशक्ति तथा स्थानीय स्रोत साधनको उपयोग हुनेगरी साझेदार निकायलाई समेत परिचालन गरी रोजगारी सृजना हुने तथा गरिबलाई टेवा पुग्ने गरिबी निवारण केन्द्रित कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(ङ) वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुमा रहेको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने , उनीहरुलाई आफुले आर्जन गरेको विप्रेषणलाई उत्पादन तथा सेवा क्षेत्रमा लगानी गर्न तथा संगठित कृषि तथा पशुपालन उद्यमशीलतामा लाग्न प्रेरित गर्नुका साथै उद्यमी बनाउन थप लगानी र प्रोत्साहन गर्ने । उद्यमशिलता विकासका लागि सहकारी उद्यमशिलता संस्था स्थापनामा सहयोग गर्ने ।

(च) विपन्न मानिसहरु बसोबास गर्ने समुदाय मा रहेको परम्परागत ज्ञान तथा सीपको स्तर वृद्धि गर्न त्यस्ता स्थानमा रहेका विद्यालयहरुमा व्यवसायिक शिक्षा कार्यक्रम संचालन गर्ने ।

(छ) अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरुको जीविकोपार्जन, उचित ज्याला सहितको सुरक्षित र मर्यादित रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्दै लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने।

(ज) गरिबहरुको लागि न्यून व्याजदरको कर्जामा पहुँच सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने ।

**कार्यनीति**

(क) सहकारी तथा गैर सरकारी संस्थाहरुलाई स्थानीयस्तरमा उपलव्ध स्रोतसाधन र बजार हेरी गरिबी निवारणमा योगदान पुर्याउने गरी उत्पादन र आयआर्जन गर्न प्रोत्साहित गरिनेछ । त्यस्ता संस्थाहरुलाई वैदेशिक रोजगारीमा जाने र गएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्य (विशेष गरी महिला) लाई लक्षित गरी रोजगारीका अवसरहरु सिर्जना गर्न आवश्यक नीतिगत मार्गदर्शन र परामर्श दिईनेछ ।

(ख) गैरकाष्ठ वन पैदावार, जडिबुटी खेती तथा प्रशोधन, दुग्घ उत्पादन तथा प्रशोधन, व्यवसायिक तरकारी खेती, पशुपालन लगायतका क्षेत्रमा महिला , युवा, विपन्न, भूमिहीन, शारिरीकरुपमा अशक्त तथा वञ्चितीकरणमा परेका समुदाय लक्षित गरी स्वरोजगार, रोजगार र उद्यमशीलता विकासका तालिम कार्यक्रम संचालन गरिनेछ ।

(ग) गरिब परिवारलाई रोजगारी दिने र गरिबी निवारणमा योगदान दिने सहकारी , गैरसरकारी संस्था, समुदायमा आधारित संस्था तथा अन्य संघसंस्थाहरुलाई विभिन्न तवरबाट प्रोत्साहन गरिनुका साथै त्यस्ता संस्थाहरुसँग गरिब व्यक्ति, परिवार र समुदायको रुचि, क्षमता, दक्षता, सम्भाव्यता र आवश्यकता समेतका आधारमा सीप विकास तथा व्यवसायिक शिक्षा कार्यक्रममा संलग्न गराउन आवश्यक समन्वय गरिनेछ ।

(घ) कृषि र पशुपालन क्षेत्रमा सहकारी खेती पद्धतिको प्रवर्द्धन एवम् संस्थागत व्यवस्था गरी स्वरोजगारी र उत्पादन बढाईनेछ । भूमिलाई स्रोतको रुपमा सहकारीताको माध्यम मार्फत उपयोग गरी गरिबी निवारणमा टेवा पुर्याईनेछ ।

(ङ) सरोकारवाला मन्त्रालय, निकाय तथा साझेदार संस्थाहरुसंग आवश्यक समन्वय र सहकार्य गर्दै विद्यालयहरुमा व्यावसायिक शिक्षा सञ्चालन गरी विपन्न परिवारका विद्यार्थीहरुलाई सीपयुक्त वनाई उत्पादनशिल रोजगारी एवं आयआर्जन प्राप्त गर्न सक्ने बनाईनेछ ।

(च) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय एवम् सम्बद्ध निकायसंग समन्वय गरी विभिन्न जातजातिका परम्परागत ज्ञान र सीपमा आधारित रही विद्यालयहरुमा व्यवसायिक शिक्षा सञ्चालन गर्न समन्वय गरिनेछ ।

(छ) परम्परागत ज्ञान , सीप र स्थानीय स्रोत साधनलाई स्थानीय समुदायको जीविका र व्यवसायको आधारको रुपमा प्रवर्द्धन गरिनेछ । परम्परागत ज्ञान, सीपमा आधारित पेशा तथा व्यवसायलाई बजारसँग आवद्ध गर्ने गरी उत्पादनशिल रोजगारी सृजना गरिनेछ।

(ज) ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन , रोजगार तथा स्वरोजगारसँग सम्बन्धित भई उद्यमशीलता विकास र प्रवर्द्धनमा क्रियाशील राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरी अद्यावधिक स्थिती सार्वजनिक गरिनेछ ।

(झ) ग्रामिण तथा सहर क्षेत्रमा विभिन्न पेशागत सेवामूलक कार्यमा सं लग्न व्यक्तिहरु (धोबी, कुचिकार, कुमाले आदि) को परम्परागत पेशालाई संगठित गरी पकेट क्षेत्र घोषणा गर्ने एवम् उनीहरुसँग भएको मौलिक सीपको प्रवर्द्धन गरी रोजगारी तथा स्वरोजगारी र बजार सम्मको पँहुच अभिबृद्धिको लागि परामर्श दिने संयन्त्रको व्यवस्था गरिनेछ ।

(ञ) ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन , रोजगारी तथा स्वरोजगारीसँग सम्बन्धित उद्यमशीलता विकास र प्रवर्द्धनमा भएका गतिविधिहरु तथा रोजगार एवं सीप विकाससम्बन्धी सुचना सम्प्रेषण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरको सूचना सञ्जाल निर्माण ग रिनेछ । यसमा पृष्ठपोषण गर्ने प्रणाली विकास गरी रोजगारीको अवस्था नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

(ट) पहिचान भएका गरिबले गर्नसक्ने पेशा व्यवसायको पहिचान सरकारले गरिदिने र त्यसका लागि आवश्यक पूँजी व्यवस्था , व्यवसायको बिमा , उत्पादनको भण्डारण र बिक्रीको प्रबन्धका लागि स्थानीय सहकारी तथा उपयुक्त संस्थालाई जिम्मेवार बनाउने तथा त्यस्ता संस्थालाई सरकारले अनुदान दिने व्यवस्था मिलाउने प्रबन्ध गरिनेछ ।

(ठ) विचैमा विद्यालय छोडेका युवाहरु र महिला कामदारहरुलाई बजारको माग र तिनीहरुको चाहना अनुसारको व्यवसायिक तथा प्राविधिक तालिम दिई रोजगारी प्राप्त गर्न सक्ने बनाई श्रम बजारमा ल्याईनेछ ।

**२.५.२. नीति २.४.२ "उपलव्ध प्राकृतिक स्रोतसाधनको उपयोगमा गरिव तथा विपन्न वर्गको न्यायपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने" का लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछन्ः**

<u>रणनीति</u>

(क) व्यवसायिक कृषि, पशुपालन, जडिबुटी उत्पादन तथा प्रशोधन, गैरकाष्ठ वनपैदावार, हस्तकला आदिमा आधारित तथा अन्य विधामा व्यक्तिगत, पारिवारिक वा समूहगत रुपमा उद्यमी बन्न चाहने गरिब व्यक्ति तथा परिवारलाई आवश्यक पर्ने प्रविधि, जमीन, उपकरण, उर्जा, कच्चा पदार्थ, कर्जा तथा अन्य प्रवन्ध सहज रुपमा उपलब्ध गराउन सहकारी संस्था एवम् साझेदार निकायहरुसँग सहकार्य गर्ने ।

(ख) कृषि उद्यमी बन्न चाहने भूमिहीन र गरिब किसानहरुलाई सरोकारवालाहरुको सहकार्यमा कृषियोग्य सरकारी जग्गा सहुलियतपूर्ण रुपमा उपलव्ध गराउने तथा निजी जग्गा लिने र दिनेको वीचमा सहजीकरण गर्ने । कृषियोग्य जमिन लिजमा लिई करार खेती गर्ने कार्यलाई प्रोत्साहन गर्ने ।

(ग) लक्षित व्यक्ति, परिवार र समुदायको उद्यमशीलताका लागि आवश्यक श्रोत, कच्चा पदार्थ, प्रविधि, उपकरण, उर्जा तथा पूँजी लगानीको लागि सम्बन्धित सरकारका निकायसँग समन्वय र सहकार्य गर्ने ।

(घ) हिमाली तथा अति दुर्गम क्षेत्रमा विद्यमान निरपेक्ष र जटिल प्रकृतिको गरिबी निवारणका लागि संभाव्य श्रोतसाधनको परिचालन गरी उत्पादन वृद्धि गर्ने, बजारसम्मको पँहुच बढाउन सडक लगायतका भौतिक पूर्वाधार निर्माण कार्यमा समन्वय गर्ने।

(ङ) कृषि उत्पादन बढाई मुलुकलाई खाद्य सुरक्षामा आत्मनिर्भर बनाउन भूमिको बैज्ञानिक वितरणमार्फत भूमिमा गरिबहरुको पहुँच सुनिश्चित गराउन सम्बन्धित निकायहरुसँग समन्वय गर्ने।

(च) जलवायु परिवर्तनको प्रभाव र प्राकृतिक विपद् बाट सिर्जित संकट कम गर्न तथा गरिब एवं जोखिममा रहेको परिवारलाई विपद् को प्रभावबाट बाहिर ल्याउन विपद व्यवस्थापनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय गरी जलवायू परिवर्तन अनुकुलन कार्यक्रम सञ्चालन गर्ने।

(छ) हैसियत विग्रिएका वन, नदी तट तथा अन्य कृषि व्यवसाय योग्य सार्वजनिक जग्गा लाई वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी पहिचान प्राप्त गरिबहरुलाई उपलबध गराई कृषि तथा उद्योग व्यवसाय प्रवर्द्धन गरी आय आर्जन तथा रोजगारीका अवसर श्रृजना गर्ने।

<u>कार्यनीति</u>

(क) नदी किनारमा बगरखेती गर्न सरकारी जग्गा निश्चित अवधिका लागि दिने व्यवस्था गरिनेछ । हैसियत बिग्रिएका जमिन र कृषि प्रयोगमा नआएको जमिनको संरक्षण गरी यस्ता जमिनमा व्यवसायिक खेती गर्न चाहने युवा, कृषि उद्यमी, व्यवसायीहरुलाई आवश्यक प्राविधिक टेवा र सरल कर्जा सेवा उपलव्ध गराउन समन्वय गरिनेछ।

(ख) जलबायु परिवर्तनले कृषि तथा अन्य पेशामा पार्ने प्रभावलाई कम गर्न र बदलिँदो हावापानी अनुसार जोखिम तथा अवसरको पहिचान गरी गरिब परिवारलाई लाभ पुर्याभउन सम्बन्धित निकायहरुको समन्वयमा जलवायु अनुकुलन कार्यक्रम संचालन गरिनेछ ।

(ग) हैसियत बिग्रिएका वन, नदी उकास गरिएको क्षेत्र , अतिक्रमण हटाई खाली गरिएको क्षेत्र तथा अन्य यस्तै क्षेत्र गरिब तथा विपन्न वर्गका व्यक्ति , परिवार वा समुदायलाई कबुलियती वनको रुपमा सुलभ र सहज रुपमा उपलब्ध गराई वन पैदावारमा आधारित आयआर्जन तथा सीपमूलक क्रियाकलापहरु प्रवर्द्धन गरिनेछ।

(घ) वन पैदावारमा आधारित घरेलु उद्योगहरु (हाते कागज, डोको बुन्ने, वेतबाँस, फर्निचर उद्योग आदि) को प्रवर्द्धन गरी स्वरोजगारी सृजनामार्फत गरिबी न्यूनीकरणमा सहयोग पुर्याविइनेछ।

(ङ) सामुदायिक वन उपभोक्ता समूहभित्रका अति विपन्न परिवारलाई सामुदायिक वन भित्रको कुनै क्षेत्र निशुल्क वा न्यून शुल्कमा लिजमा उपलब्ध गराई आयमूलक कार्य गर्न प्रोत्साहन गरिने तथा तत्सम्बन्धी कार्य लाई सहज र सरल गराउन सम्बन्धित कानुनमा आवश्यक परिमार्जन गरिनेछ।

(च) इन्धनमा परनिर्भरता घटाई वन पैदावार (जस्तै काठ, दाउरा) को आवश्यकता परिपूर्ति गर्न कृषि योग्य क्षेत्रमा बाँकी रहेका जग्गा (जस्तै खेतवारीको आली ) मा समेत बहुउपयोगी प्रजातिका रूख रोपण गर्ने कार्य (एग्रोफरेष्टी) लाई प्रवर्द्धन गरिनेछ र यसको लागि निःशुल्क विरुवा उपलब्ध गरिनेछ।

(छ) बायोग्याँस, सोलार जस्ता पर्यावरण तथा स्वास्थ्यमैत्री इन्धन को प्रयोगलाई प्रवर्द्धन गर्न सरकारी, सहकारी, निजी संस्थाहरुवीच आवश्यक समन्वय गरि नेछ। यस्तो कार्यका लागि गरिब तथा विपन्न परिवारलाई लक्षित गरी अनुदान तथा न्यून व्याजदरमा सहजरुपमा कर्जा उपलब्ध गराइनेछ।

(ज) राष्ट्रिय निकुञ्ज,वन्यजन्तु आरक्ष तथा अन्य पर्यटकीय क्षेत्रमा बसोवास गर्ने गरिब तथा विपन्न वर्गका बासिन्दाहरुमा पर्यापर्यटनको लाभ पुर्याषई गरिबी न्यूनीकरणमा टेवा पुर्यानउन घरवास को प्रवर्द्धन गर्ने तथा पर्यटकीय सेवा संचालनका लागि आवश्यक तालिम (होम स्टे)(जस्तै पर्यटक गाईड, कुक तालिम आदि) को व्यवस्था मिलाईनेछ।

(झ) पहिचान भएका गरिब तथा भूमिहीन कृषक परिवारलाई कृषि लगायतका उत्पादनमा आधारित उद्यम गर्न मन्त्रालयलबाट सहकारी संस्थाहरुमार्फत कृषियोग्य जमिन, सुलभ कर्जा र अन्य प्राविधिक सहयोग उपलव्ध गराउन सम्बन्धित निकायबिच समन्वय गरिनेछ।

(ञ) सरोकारवाला निकायहरुसँग सहकार्य गर्दै सहकारी संस्थाहरुलाई समेत परिचालित गरी पहिचान भएका गरिब परिवारलाई लक्षि त कृषि, गैरकृषि, जडिबुटी, गैरकाष्ठ वनपैदावार तथा हस्तकलामा आधारित उद्यम गर्नका लागि श्रोत , साधन, प्रविधि र लगानीमा पहूँच पुर्याउन आवश्यक सहयोग र परामर्श उपलव्ध गराईनेछ ।

(ट) विद्यमान परम्परागत ज्ञान, सिप र प्रविधिमा समयानुकुल सुधार र परिमार्जन गरी उद्यमी बन्न चाहने गरिब व्यक्ति, परिवार तथा समुदायलाई गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गर्न सक्ने गरी सक्षम बनाउन आवश्यक साधन श्रोत र कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२.५.३. नीति २.४.३ "गरिबी निवारणका प्रयासहरुमा गरिब एवम् विपन्न वर्गको सहभागिता स्थापित गर्ने" का लागि देहायका रणनीति तथा कार्यनीति लिइनेछन्ः**

<u>रणनीति</u>

(क) गरिव व्यक्तिहरुलाई सहकारी संस्थाहरुमा आवद्ध गराउदै सहकारी संस्थाहरुको संस्थागत क्षमता तथा कार्यगत व्यवस्था सुदृढ गरी सहकारी संस्थाहरुलाई उद्यमशील एवं उत्पादक बनाउने ।

(ख) कृषि तथा गैरकृषिमा आधारित सहकारी संस्थाहरु मा गरिब व्यक्तिहरुलाई आवद्ध गराई सहकारी बजार प्रणाली मार्फत उत्पादनदेखि बजारसम्मको स ञ्जाल विकास गरी मूल्य श्रृंखला सुनिश्चित गर्ने ।

(ग) गरिब, महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति र लक्षित वर्गको संलग्नता, स्वामित्व र सहभागिता रहेका सहकारी , गैरसरकारी र सामुदायिक संस्थाहरुको संस्थागत क्षमता र नेतृत्व विकास गरी गरिबहरुको पहुँच तथा प्रतिनिधित्व बढाउँदै उनीहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।

(घ) पर्यटन क्षेत्र सँग सम्वन्धित संस्थाहरु लाई परिचालन गरी गरिबी निवारणको उद्देश्यसंग आबद्ध गर्ने एवं पर्यटन र पर्यावरणवीचको सम्बन्धसहित उद्यमशीलता विकास गर्ने ।

(ङ) गरिबी निवारण सम्वन्धी दीगो विकास लक्ष्यहरु , सार्क गरिबी निवारण कार्ययोजना र विमस्टेक गरिबी निवारण योजनासँग सम्बन्धित कार्यक्रमहरु गरिब लक्षित गरी कार्यान्वयन गर्ने।

(च) गरिबी निवारणका सफल प्रयासहरु पहिचान गरी त्यस्ता कार्यक्रमहरुलाई गरिब व्यक्ति , परिवार, विपन्न वर्ग तथा समुदाय, पिछडिएको क्षेत्रमा स्थानीय स्रोत, साधन र जनशक्तिको परिचालन हुने गरी कार्यान्वयन गर्ने।

<u>कार्यनीति</u>

(क) गरिबहरुले स्थानीय श्रोतसाधन, सीप र लगानी मा उत्पादन गरेका मौलिक उत्पादनहरुको बजार प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी एवम् निजी क्षेत्रसंग समन्वय गरी बजार केन्द्र विकास, शीतभण्डार निर्माण, निर्यात प्रवर्द्धन जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(ख) हिमाली क्षेत्र लगायत भौगोलिकरुपमा विकट क्षेत्रहरुमा उपलव्ध श्रोतसाधन र जनशक्तिको अधिकतम परिचालन गरी उत्पादन र रोजगारी वृद्धि गर्न सहकारी संस्था, गैर सरकारी संस्था, निजी क्षेत्र र गैरआवासीय नेपालीहरुको संगठित संस्थाहरुसँग समेत साझेदारी प्रवर्द्धन गरिनेछ ।

(ग) सरकारी, गैर सरकारी तथा अन्य क्षेत्र का गरिबी निवारण केन्द्रित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि नियमन, सहजीकरण, साझेदारी र समन्वय गरिनेछ ।

(घ) राष्ट्रिय तथा क्षेत्रीयस्तरका कार्यक्रमहरु र आयोजनाबाट गरिबी निवारणमा पुगेको योगदानको अद्यावधिक प्रतिवेदन तयार गरिनेछ ।

(ङ) गरिबी निवारणका अल्पकालीन तथा दिर्घकालीन कार्यक्रमहरुलाई अन्तराष्ट्रिय , क्षेत्रीय तथा राष्ट्रिय लक्ष्यहरुसँग तालमेल मिलाउन समन्वय गरिनेछ ।

(च) गरिबी निवारण र आर्थिक समृद्धिसँग सम्बन्धित आयोजनाहरुको संभाव्यताको अध्ययन गरिनेछ। मागमा आधारित लक्षित कार्यक्रमहरु र अध्ययनबाट उपयुक्त देखिएका कार्यक्रमहरु एक आपसमा परिपुरक हुने गरी कार्यान्वयन गरिनेछ ।

(छ) समुदायस्तर, स्थानीय तह तथा प्रदेशस्तरमा प्राथमिकताका आधारमा गरिबीमुक्त क्षेत्र स्थापित गर्ने गरी सबै सरोकारवालाहरुसँगको सहभागिता र समन्वयमा साना , मझौला तथा ठूला आयोजनाहरु तर्जुमा गरी अभियानकै रुपमा कार्यान्वयनमा लगिनेछ ।

(ज) प्राकृतिक विपद्‌बाट प्रभावित गरिब परिवारलाई लक्षित गरी उनीहरुको पून र्स्थापना र जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

(झ) गरिबी निवारणको लागि कार्यक्रम तर्जुमा, कार्यान्वयन, समन्वय तथा अनुगमन गर्न सक्षम हुने गरी, केन्द्र, प्रदेश र स्थानीय तह को साङ्गठनिक संरचनामा आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

(ञ) सहकारी संस्थाहरुको विद्यमान संरचना, योजना तथा कार्यक्रमलाई गरिबी निवारण उन्मुख गराउन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

**२.५.४. नीति २.४.४ “गरिब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानविय आवश्यकतामा सहज र न्यायपूर्ण रुपमा पहुँच स्थापित गर्ने “का लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछन्-**

<u>रणनीति</u>

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरु एवम् सरोकारवालाहरुसँग समन्वय तथा साझेदारी गरी पहिचान भएका गरिब ब्यक्ति, परिवार तथा समुदाय केन्द्रित लक्षित कार्यक्रम सञ्चालन गर्दै उनीहरुका न्यूनतम आधारभूत आवश्यकताहरु पूर्ति गर्न सक्षम बनाउने ।

(ख) सुरक्षित आवास तथा जिविका सम्वन्धी व्यवस्था गर्न सम्वन्धित निकायमा समन्वय गर्ने ।

(ग) गरिब व्यक्ति तथा परिवारको सामाजिक संरक्षण तथा सामाजिक सुरक्षामा पँहुच वृद्धि गर्ने ।

(घ) गरिब लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने सवै निकायहरूबिच प्रभावकारी समन्वय गर्ने।

<u>कार्यनीति</u>

(क) शिक्षा, स्वास्थ्य, आवास, कृषि लगायत सवै क्षेत्रगत नीति , योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिबी निवारणमैत्री बनाउन प्राथमिकता दिईनेछ। साथै गरिबका लागि विशेष प्याकेज (ज्ञान, सीप, ऋण, बजार, समर्थन मूल्य आदि) एक साथ लैजान प्रत्येक स्थानीय तहमा एउटा संयन्त्रको व्यवस्था गरिनेछ ।

(ख) गरिब व्यक्ति तथा परिवारको आय वृद्धिको लागि गैर कृषिजन्य तथा औद्योगिक उत्पादन गर्ने खालका कार्यक्रम कार्यान्वयनमा जोड दिईनेछ । उनीहरुसँग भएको मौलिक सीपको पर्वद्धन गरिनेछ ।

(ग) गरिब व्यक्ति, परिवार एवं समुदायको आधारभुत आवश्यकता पुर्ति गर्न टेवा पुग्ने गरी उद्यमशीलता विकास र प्रवर्द्धनका लागि सरकारी , गैरसरकारी तथा निजी क्षेत्रहरुसँग समन्वय गरिनेछ ।

(घ) गरिबको सुरक्षित बासको आधारभूत आवश्यकता पुरा गरी उनीहरुलाई सुरक्षित र मर्यादितरुपमा उत्पादनशील श्रममा लाग्न सक्ने बनाउन सम्बद्ध मन्त्रालय, निकाय र अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय गरिनेछ ।

(ङ) गरिबको एक्लो बसोबासलाई पूर्वाधार बिकास भएको ठाँउमा स्थानान्तरण गरी वा एकिकृत बसोवास विकास गरी पूर्वाधार तथा सेवाहरु एकिकृत गरा इ सामान्य सहयोगमा पनि गरिबी निवारण गर्न सक्ने वातावरण बनाईनेछ ।

(च) महिलाहरुको मातृ सुरक्षाको आवश्यकतालाई ध्यानमा राखी सम्बन्धित निकायसँग समन्वय गरी शिशु स्याहारलाई सामाजिक सुरक्षा योजनामा संलग्न गराई गरिब महिलालाई लाभान्वित गराईनेछ ।

(छ) पहिचान भएका गरिब परिवारका व्यक्तिहरुलाई सामाजिक संरक्षण र सामाजिक सुरक्षाको छाताभित्र समेट्ने प्रणालीको विकास गरिनेछ ।

(ज) सरकारले उपलब्ध गराउने सेवा , सुविधा र अनुदानमा पहिचान भएका गरिबहरुलाई प्राथमिकता दिईनेछ ।

(झ) स्वास्थ्य, शिक्षा, खाद्य, खानेपानी, आवास, मानवीय सुरक्षा लगायतका आधारभूत आवश्यकताका क्षेत्रमा गरिब लक्षित गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ

(ञ) गरिबी निवारणसँग प्रत्यक्ष सम्बन्धित शिक्षा , रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, समानता, सामाजिक न्याय , सामाजिक सुरक्षा लगायतका मौलिक हकहरु गरिबी निवारणमुखी हुने गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ ।

**२.५.५. नीत २.४.५ "गरिब र विपन्न वर्ग प्रति विभिन्न स्वरुपमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने का लागि देहायका रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछन्:**

<u>रणनीति</u>

(क) सरकारी क्षेत्र तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी घरभित्र , कार्यथलोमा र सार्वजनिक स्थलमा महिलाविरुद्ध हुने हरेक प्रकारका हिंसा र दु व्र्यवहारप्रति शून्य सहनशीलताको नीति लिइनेछ । त्यस्ता हिंसा , विभेद र दु व्र्यवहारबाट महिला तथा किशोरीको जीवनमा पर्नसक्ने प्रतिकुल प्रभाव एवम् सामाजिक तथा आर्थिक जोखिम न्यूनीकरण गर्न सचेतना एवं परामर्श सेवा प्रदान गरिनेछ ।

(ख) सरकारी क्षेत्र तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी समाजमा विद्यमान सवै प्रकारका कुसंस्कार र कुरीतिहरु हटाई यसबाट व्यक्ति, परिवार र समुदायमा परिरहेको प्रतिकुल सामाजिक तथा आर्थिक असर कम गरी न्याय, समता र समृद्धितर्फ उन्मूख गराइनेछ ।

(ग) नेपाल सरकारका विभिन्न निकायहरुका वार्षिक तथा आवधिक योजना र बजेट निर्माण प्रक्रियामा महिलाको सहभागिता सुनिश्चित हुने गरी लैंगिक उत्तरदायी बजेट निर्माण गरिनेछ र सोको कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ ।

(घ) लैङ्गिक गरिबी निवारणका लागि महिलाको घरभित्रको अबैतनिक कार्यबोझ पुनर्परिभाषित र पुनर्वितरण गरी महिलाहरुलाई सामाजिक आर्थिक रुपमा लाभप्रद कार्यमा संलग्न हुन प्रोत्साहित गर्ने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>कार्यनीति</u>

(क) समाजमा विद्यमान छाउपडी, दाइजो, छुवाछुत जस्ता सवै प्रकारका कुसंस्कार तथा कुरितिहरुलाई हटाउन सवै सरोकारवालाहरुको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) गरिबीको सघनता र गहनता बढी भएको भौगोलिक क्षेत्र , समुदाय तथा परिवारहरुको जीवनशैली तथा परम्परागत पर्वहरु मनाउने शैलीमा सापेक्ष सुधार गर्ने गरी खाद्य प्रशोधन तथा भण्डारण बढी स्वस्थकर, वातावरणमैत्री र मितव्ययी बनाईनेछ।

(ग) लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि कर्मचारीहरुको क्षमता विकास गरिनेछ

(घ) लक्षित गरिब परिवार र समुदायका महिलाहरुलाई उद्यमशीलतका लागि आवश्यक स्रोत, कच्चा पदार्थ, प्रविधि, उपकरण, उर्जा तथा लगानीमा सहयोग गर्न सम्बन्धित सरकार तथा अन्य निकायसँग तालिम , अनुदान, बजार व्यवस्था आदिको लागि समन्वय र सहकार्य गरिनेछ।

(ङ) महिला, दलित, जनजाति, शारीरिक अशक्तता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा अति विपन्न परिवारका सदस्यले आफूसँग भएको सीपमा आधारित उद्यम गरेमा सहुलियत कर्जा दिन सम्बद्ध निकायहरुसँग उचित समन्वय र सहजीकरण गरिनेछ।

(च) विभिन्न किसिमबाट वञ्चितीकरणमा परेका अति विपन्न परिवार र समुदाय लाई पहिचानका आधारमा छनौट गरी आवश्यक दक्षता वृद्धि गराई उद्यम विकास कार्यक्रममा सहभागी गराउदै सहकारी संस्थामा आबद्ध गर्न प्रोत्साहन गरिनेछ।

(छ) विभिन्न समुदायका परम्परागत सीप र पेशाको जगेर्ना तथा परिमार्जन सहित व्यावसायिकरण गर्ने गरी सीपमा आधारित व्यवसायलाई बजारको माग अनुरुप परिमार्जन गराई जीविकोपार्जनमा सुधार पुर्याधईनेछ।

(ज) न्यायमा सवैको पहुँच स्थापित गर्न समाजिक रुपले पिछडिएको कारण गरिबीमा परेका व्यक्ति तथा समुदायलाई कानूनी शिक्षा र सचेतनाको माध्यमबाट सशक्तिकरण गरी आधारभुत मानव अधिकारको कार्यान्वयनमा जोड दिईनेछ ।

**२.५.६. नीति २.४.६ "गरिब व्यक्ति, परिवार तथा विपन्न वर्ग पहिचान गर्ने" का लागि देहायका नीति तथा कार्यनीति अवलम्बन गरिनेछन्ः-**

**रणनीति**

(क) उपयुक्त प्रविधिको प्रयोग गरी सबै नेपाली परिवारको तथ्याङ्क सङ्कलन, प्रशोधन एवं विश्लेषण गरी गरिब परिवार, विपन्न वर्ग तथा समुदायको पहिचान गर्ने ।

(ख) गरिबी निवारण सुचना प्रणालीको विकास गरी गरिब परिवारको अभिलेखीकरण गर्ने।

(ग) गरिब परिवार, विपन्न वर्ग तथा समुदायकको सूची प्रकाशन गरी परिचयपत्र वितरण गर्ने ।

(घ) गरिबहरुको घनत्व बढी भएको विशेष भौगोलिक क्षेत्रमा गरिबहरुलाई सहभागी गराइ सामाजिक नक्साङ्कन गर्ने ।

**कार्यनीति**

(क) नेपालभित्र बसोबास गर्ने सबै नेपाली नागरिकको परिवारको तथ्याङ्क सङ्कलन गर्न मुलुकभरी सर्वेक्षण गरिनेछ । बजारमा उपलब्ध विश्वसनिय एवं भरपर्दो प्रविधि एवं प्रचलित विधि तथा गरिबीका निश्चित आधार र मापदण्डको प्रयोग गरी तथ्याङ्क सङ्कलन , प्रशोधन एवं विश्लेषण गरी गरिब परिवार, विपन्न वर्ग तथा समुदाय पहिचान गरिनेछ।

(ख) गरिब परिवार, विपन्न वर्ग तथा समुदाय परिचान गर्दा भौगोलिक क्षेत्र , गाउँपालिका तथा नगरपालिका, गाउँ र शहरको तथ्याङ्क आउने गरी तथ्याङ्क व्यवस्थित गरिनेछ ।

(ग) गरिबी निवारण सम्बन्धी कार्यक्रम तथा परियोजनाहरु तर्जुमा गर्दा पहिचान भएका गरिव परिवारलाई लक्षित गरी गरिनेछ ।

(घ) सरकारले प्रदान गर्ने सेवा, सुविधा, सामाजिक संरक्षण र सहुलियतमा पहिचान भएका गरिब घर परिवारलाई प्राथमिकता दिईनेछ।

**३. नीतिको प्रभावकारी कार्यान्वयन**

**३.१. नीतिको कार्यान्वयन व्यवस्था**

**३.१.१. नीतिले लिएका उपर्युक्त उद्देश्यहरु पुरा गर्नका लागि 'कार्यात्मक', 'समन्वयात्मक एवं सहकार्यात्मक' र 'अनुगमनात्मक र सुधारात्मक ' समेत गरी त्रि –आयामिक कार्यान्वयन रणनीति अवलम्बन गरिनेछन्-**

(क) **कार्यात्मकः**

कार्यात्मक रणनीतिअनुरुप भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरिबी निवारणको लागि प्रत्यक्षरुपमा आफैले सञ्चालन गर्ने कार्यक्रमहरु पर्दछन् । ती कार्यक्रमहरु मन्त्रालयले अन्य मन्त्रालयहरु तथा केन्द्रिय निकायहरु, प्रदेश तथा स्थानीय तहहरु र साझेदार एवम् सहयोगी संस्थाहरुसँगको सहकार्यमा कार्यान्वयन गर्नेछ । त्यसैगरी अनुसूचि १ र २ मा उल्लेख गरिए अनुरुप नेपाल सरकारका विद्यमान नीतिहरु तथा यस नीतिको वीचमा नीतिगत सामन्जस्य र तादात्म्यता कायम गर्नुका साथै कार्यगत समन्वयका लागि विभिन्न मन्त्रालयहरु तथा निकायहरुद्वारा सञ्चालनमा रहेका तथा अ ब सञ्चालन गरिने गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम , योजना तथा परियोजनाहरुवीच कार्यगत तहमा सहकार्य गरिनेछ ।

(ख) **समन्वयात्मक र सहकार्यात्मकः**

मन्त्रालयद्वारा नेपाल सरकारका विभिन्न मन्त्रालयहरु एवम् निकायहरु, प्रदेश र स्थानीय तहहरुद्वारा सञ्चालनमा रहेका गरिबी निवारणसँग सम्बन्धित कार्यक्रम तथा आयोजनाहरुमा प्रभावकारी समन्वय र सहकार्य गरि नेछ ।साथै मन्त्रालयद्वारा विकास साझेदारहरुको सहयोग र सहकार्यमा सञ्चालनमा रहेका गरिबी निवारणसँग सम्बन्धित सबै प्रकारका कार्यक्रमहरुबिच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । गरिबी निवारणको लागि समन्वय र सहकार्यलाई बलियो बनाउन गरिबी निवारणसम्बन्धी नीति , योजना, आयोजना, बजेट तथा कार्यक्रम निर्माण गर्दा एंव कार्यक्रमहरु सञ्चालन गर्दा समन्वय र सहमतिमा गर्ने गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई नेतृत्वदायी निकायको रुपमा विकास गरिनेछ ।

(ग) **अनुगमनात्मक र सुधारात्मकः**

मन्त्रालयले नेपाल सरकारको विभिन्न मन्त्रालय हरु तथा निकायहरुले गरिबी निवारणको क्षेत्रमा सञ्चालन गरेका योजना, कार्यक्रम तथा परियोजनाहरुको स्थिति, प्रभाव र नतिजा सम्बन्धी नियमित अनुगमन गर्नेछ। त्यसैगरी नेपाल सरकारका विकास साझेदारहरु र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, सहकारी संस्थाहरु तथा अन्य सरोकारवाला

संस्थाहरुद्वारा सञ्चालन भएका गरिबी निवारण सँग सम्बन्धित परियोजना तथा कार्यक्रमहरुको स्थिति, प्रभाव र नतीजा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

**३.१.२. संस्थागत व्यवस्था**

यो नीति कार्यान्वयनको नेतृत्व भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गर्नेछ । नेपाल सरकारले आवश्यकतानुसार अन्तरमन्त्रालयगत समन्वय समिति तथा सरोकारवालाहरु रहेको आवश्यक संयन्त्र तयार गर्न सक्नेछ ।

**३.१.३. आर्थिक स्रोत व्यवस्थापन**

संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो क्षेत्रगत विकासका नीति तथा कार्यक्रममा गरिबी निवारण नीतिको कार्यान्वयनलाई सघाउ पुग्ने गरी वित्तीय साधन स्रोत लगायत अन्य साधन स्रोतको व्यवस्थापन र परिचालन गर्नुपर्नेछ । गरिबी निवारणका लागि निजी र सहकारी क्षेत्रको समेत स्रोत साधन परिचालन गरिनेछ । नेपाल सरकारको आवश्यकता तथा प्राथमिकता अनुसार गरिबी निवारणका लागि विकास साझेदारहरुसँग सहकार्य र समन्वय गर्न सकिनेछ ।

**३.१.४. कानूनी व्यवस्था**

(क) यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ। आवश्यकता अनुसार मार्गदर्शन, निर्देशिका एवं कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले सहजीकरण, समन्वय र नियमनकारी भूमिका निर्वाह गर्नेछ ।

**३.२. गरिबीको परिभाषा र पहिचानको आधार**

**३.२.१. यस नीतिको प्रयोजनका लागि गरिबी र सोसम्बन्धी अन्य विषयमा साझा परिभाषा गरिबी मापनका आधारहरु देहाय बमोजिम गरिएको छः**

(क) "गरिबी" मापनका आधारहरु: -

(१) आय

(२) उपभोग

(३) दिगो जीवनयापनका लागि उत्पादनशील साधनमा पहुँच

(४) शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत आवश्यकताका वस्तु तथा सेवामा पहुँच

(५) सामाजिक विभेद तथा वहिष्करण

(६) आधारभुत मानव अधिकार

(७) क्षमता

(ख) 'निरपेक्ष गरिबी' भन्नाले आधारभूत मानवीय आवश्यकताका वस्तु, क्षमता र सेवाबाट विमुख हुने अवस्थामा जीवनयापन गर्न वाध्य भएको स्थितिलाई जनाउनेछ। यस अन्त गत खाद्य

पदार्थ र पोषणको अवस्था, शुद्ध पिउने पानी, सरसफाइसम्बन्धी आधारभूत सुविधा, आधारभूत स्वास्थ्य, सुरक्षित वासस्थान, शिक्षा र आधारभूत सूचनाको उपलव्धता, आदि पर्दछन् ।

(ग) "उपभोगका आधारमा गरिबी" भन्नाले आ.व. २०६६।६७ को मुल्यमा बार्षिक रु १९,२६१ भन्दा कम उपभोग गर्ने अवस्थालाई जनाउनेछ ।

(घ) 'आधारभूत आवश्यकताको परिपूर्तिका आधारमा गरिबी ' भन्नाले आधारभूत तथा मर्यादित जीवनयापनका लागि आवश्यक पर्ने सेवा सुविधाबाट वन्चित हुनुपर्ने अवस्थाबाट सृजित गरिबीलाई जनाउनेछ ।

(ङ) 'सक्षमताका आधारमा गरिबी ' भन्नाले सबै प्रकारका गरिबी र विमुखताबाट मुक्त भै आत्मसम्मान तथा आत्मनिर्देशित जीवनयापन गर्ने सक्षमताको कमीका कारणले हुने गरिबीलाई जनाउनेछ ।

(च) 'जीवनको गुणस्तरका आधारमा गरिबी ' भन्नाले मानवोचित न्यूनतम जीवनयापनका लागि आवश्यक साधन, अवस्था र सुविधाको कमी जसले गर्दा भौतिक , सामाजिक, मनोवैज्ञानिक सन्तुष्टीका साथै आत्मसन्तुष्टीजन्य अवस्थाबाट विमुख हुने स्थितिलाई जनाउँछ ।

(छ) 'असमानता र विभेदका आधारमा गरिबी ' भन्नाले लैंगिक, जातीय, भौगोलिक, शारीरिक तथा आर्थिक आधारमा गरिने असमान व्यवहार , असुरक्षाको स्थिति, वञ्चितीकरण, संकटाभिमुखता तथा सबै प्रकारका विभेदको अवस्थामा जीवन जिउन वाध्य हुने स्थितिलाई जनाउनेछ ।

(ज) 'मानव अधिकारको हननबाट हुने गरिबी' भन्नाले आधारभूत हक अधिकार र स्वतन्त्रताको उपभोग गरी मानवोचित जीवनयापन गर्न पाउने नैसर्गिकता माथिको अवरोधको अवस्थालाई जनाउनेछ ।

## ३.३. नीति कार्यान्वयनको जिम्मेवारी

नीति कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

### ३.३.१. संघ

गरिबी निवारण सम्वन्धी नीति , कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्वन्धी कार्य गर्ने, गरिबी निवारण सम्वन्धी अध्ययन अनुसन्धान गर्ने , राष्ट्रिय गरिबीको रेखा तथा जिवनस्तरको मापदण्ड निर्धारण गर्ने , गरिव परिवार पहिचान सम्वन्धी सर्वेक्षण , सुचना व्यवस्थापन र नियमन गर्ने ,पहिचान भएका गरिव परिवारलाई परिचयपत्र व्यवस्थापन गर्ने , पहिचान भएका गरिब परिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजना , कार्यान्वयन तथा नियमन गर्ने, गरिबी निवारण सम्वन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था र विकास साझेदारहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने, गरिबी निवारण सम्वन्धी केन्द्रिय तथ्याङ्क राख्ने, गरिबी निवारण सम्वन्धमा अन्तर प्रादेशिक एवं स्थानिय तहरुसँगसहकार्य एवं समन्वय गर्ने जस्ता कार्य जिम्मवारी संघीय सरकारको हुनेछ ।

३.३.२. **प्रदेश**

गरिबी निवारण सम्वन्धी प्रादेशिक नीति , कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्वन्धी कार्य गर्ने , गरिबी निवारण सम्वन्धी प्रादेशिक अध्ययन अनुसन्धान गर्ने , गरिव परिवार पहिचान सम्वन्धी प्रादेशिक सर्वेक्षण , सुचना व्यवस्थापन र नियमन गर्ने , पहिचान भएका गरिब परिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी योजना , कार्यान्वयन तथा नियमन गर्ने, राष्ट्रिय र अन्तरप्रादेशिक संघसंस्थासँग सम्पर्क , समन्वय र सहकार्य गर्ने , गरिबी निवारण सम्वन्धि नीति , योजना तथा कार्यक्रम कार्यान्वयनमा संघ र स्थानीय तहहरुसँग सहकार्य एवं समन्वय गर्ने जस्ता कार्य जिम्मेवारी प्रदेश सरकारको हुनेछ।

३.३.३. **स्थानीय**

गरिबी निवारण सम्वन्धी स्थानीय नीति , कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन सम्वन्धी कार्य गर्ने , गरिबी निवारण सम्वन्धी स्थानीय अध्ययन अनुसन्धान गर्ने , गरिव परिवार पहिचान सम्वन्धी स्थानीय सर्वेक्षण , सुचना व्यवस्थापन र नियमन गर्ने , पहिचान भएका गरिब परिवार एवं लक्षित समूह सम्बन्धी योजना , कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन गर्ने, स्थानीय स्तरमा गरिबी निवारणको रणनीति तर्जुमा र कार्यान्वयन गर्ने, संघ र प्रदेशको मापदण्ड बमोजिम स्थानीय स्तरमा सामाजिक सुरक्षा योजना र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, राष्ट्रिय, प्रादेशिक र स्थानीय संघसंस्थासँग सम्पर्क , समन्वय र सहकार्य गर्ने, गरिबी निवारण सम्वन्धि नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा संघ र सम्वन्धित प्रदेशसँग सहकार्य एवं समन्वय गर्ने जस्ता कार्य जिम्मवारी स्थानीय सरकारको हुनेछ।

## ३.४. अनुगमन र मूल्यांकन

नीति कार्यान्वयनको अनुगमन र मूल्यांकन देहायअनुसार हुनेछः-

(क) नीतिको अनुगमन र मूल्यांकन गर्दा नीतिको कार्यान्वयन योग्यता, प्रभावकारिता, उपलब्धी र प्रभावसम्बन्धी दृष्टिकोणलाई आधारका रुपमा लिइनेछ ।

(ख) नीतिको नतिजामूलक कार्यान्वयनका लागि नतिजा अनुगमनका सूचक निर्माण गरिनेछ ।

(ग) भूमि व्यवस्था , सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस नीतिको कार्यान्वयनको समष्टीगत स्थितिको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(घ) सबै मन्त्रालय तथा निकायले आआफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा गरिबी निवारण नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधानको प्रयास गर्नुपर्नेछ ।

**३.५. नीतिमा परिमार्जन तथा सुधार**

(क) नीति कार्यान्वयनको सामान्यतः पाँच बर्ष पूरा भएपछि स्वतन्त्र रुपमा पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्न सकिनेछ ।

(ख) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरि षद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय , सम्बन्धित मन्त्रालय तथा निकायहरु एवं दातृ निकाय र गैरसरकारी सामाजिक संस्थाहरुलाई समेत सहभागी गराई यस नीतिको पुनरावलोकन, परिमार्जन र मुल्याङ्कन गर्न सक्नेछ।

**अनुसूचीहरु**

३.१ अनुसूची १ नेपाल सरकारको विद्यमान नीतिहरु र यस  नीतिबीच सहकार्य तथा समन्वयात्मक सम्बन्ध

३.२ अनुसूची २ नेपाल सरकारका विभिन्न मन्त्रालयमा गरिबी निवारणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको विश्लेषण

**अनुसूची १**

(गरिबी निवारण नीतिको बुँदा नं ३.१.१ (क) संग सम्बन्धित)

नेपाल सरकारका विद्यमान नीतिहरु र यस  नीति वीच सहकार्य तथा समन्वयात्मक सम्बन्धः

| क्र.सं. | नीतिको नाम | सम्बन्धित मन्त्रालय | उद्देश्य | गरिवी निवारण नीतिसँग कार्यगत सम्बन्ध | |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय शहरी नीति, २०६४ | शहरी विकास मन्त्रालय | पूर्वाधार सेवाहरुको विकास र लगानीलाई निर्देशित गर्दै सन्तुलित राष्ट्रिय शहरी स्वरुप हासिल गर्ने, स्वच्छ, सुरक्षित र समृद्ध शहरी  वातावरणको सृजना गरी शहरी  बासिन्दाको जीवनस्तरमा सुधार ल्याउने र स्थानीय निकायलाई कानुनी रुपमा अधिकार सम्पन्न र संस्थागत रुपमा सक्षम बनाउँदै शहरी  विकासमा क्रियाशील निकायहरु वीचको समन्वय र क्षमता अभिबृद्धि गरी शहरी व्यवस्थापन प्रभावकारी बनाउने | समृद्ध शहरी वातावरणको सृजना गरी शहरी बासिन्दाको जीवनस्तरमा सुधार ल्याउने उद्धेश्यले प्रस्तावित नीतिसँग प्रत्यक्ष सरोकार राख्दछ । | २.४.१ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| २ | राष्ट्रिय आवास नीति, २०६८ | शहरी विकास मन्त्रालय | सबै आयबर्गको निम्ति उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको उत्पादन बृद्धि तथा विद्यमान आवासको स्तारोन्नति गर्ने, आवास विकासको लागि आवश्यकत आर्थिक स्रोतहरुको प्रभावकारी परिचालन गर्ने र आवास क्षेत्रमा सरकारी, गैरसरकारी, निजी क्षेत्र र समुदायको भूमिका स्पष्ट गरी संस्थागत सुधार गर्ने | सबै आयवर्गको निम्ति उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको उद्धेश्य रहेकोले शहरी गरिबहरुको आवासको आवश्यकता परिपूर्ति गर्नमा प्रस्तावित नीतिसंग सम्बन्ध राख्दछ । | २.४.४ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | राष्ट्रिय रोजगार नीति, २०७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | विभिन्न क्षेत्रगत नीतिहरुलाई यस नीतिसँग सामन्जस्यता कायम गरी रोजगारी सृजनातर्फ केन्द्रीत गर्न राष्ट्रिय अर्थतन्त्रलाई प्रबर्द्धन गर्दै सबै नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरु उपलब्ध गराउने, अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रमबजारको आवश्यकतानुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सृजना गर्ने। | सबै नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरु उपलब्ध गराउने, आप्रवासी तथा प्रवासी कामदारको उपयुक्त व्यवस्थापन गर्नेउद्धेश्य रहेकोले यसले प्रस्तावित नीति मार्फत गरिवी निवारणमा सघाउन सक्ने। | २.४.१ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| ४ | राष्ट्रिय स्वास्थ्य नीति, २०७१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नागरिकको मौलिक अधिकारको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउने, प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधि, उपचार, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने र स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने र यस क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको सम्लग्नता बृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने । | सबै नागरिकलाई मौलिक अधिकारको रुपमा निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र स्वास्थ्य सेवाको क्षेत्रमा सहकारी संस्थाहरुलाई पनि सम्लग्न गराउने उद्धेश्य रहेकोले प्रस्तावित नीतिलाई यसले सघाउँछ। | २.४.४ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| ५ | राष्ट्रिय कृषि नीति २०६१ कृषि विकास रणनीत, २०७२ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान गर्ने, कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने, व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व | व्यवसायिक एवम् प्रतिस्पर्धात्मक दिगो कृषि प्रणालीबाट खाद्य सुरक्षा तथा गरिवी निवारण गर्ने उद्धेश्य रहेकोले प्रस्तावित नीतिको कार्यान्वयनमा सामाञ्जस्य स्थापना गर्न सक्छ । | २.४.१ र २.४.२ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बजारसंग प्रतिस्पर्धात्मक बनाउने र प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वद्र्धन एवम् सदुपयोग गर्ने। | | सहकार्य हुनसक्ने। |
| ६ | वन नीति, २०७१ | वन तथा वातावरण मन्त्रालय | वन क्षेत्रको दिगो व्यवस्थापन गरी समुदायका मानिसहरुको आर्थिक तथा सामाजिक दिगो विकास, वातावरणीय लाभ प्रदान गरी  गरिब र जोखिमयुक्त अवस्थाका मानिसहरुलाई लाभ पुर्या उने | समग्र समुदायको र खास गरी गरिब र जोखिमयुक्त अवस्थाका मानिसहरुको आार्थक सामाजिक दिगो विकासको उद्धेश्य लिएका  र समृद्धिका लागि वन भन्ने नाराका साथ यो नीति तर्जुमा भएकले यसले प्रस्तावित नीतिलाई मद्धत गर्दछ। | २.४.२ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| ७ | राष्ट्रिय भूउपयोग नीति, २०६९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रालय | भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिको वर्गीकरण गर्ने, वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोगलाई प्रोत्साहित गर्ने, भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्ने। | भूमिको उचित व्यवस्थापनबाट भूमिहिन गरिबहरुले लाभ पाउन सक्ने र भूमिको महत्तम उपयोगबाट समग्र गरिवी निवारणमा सहयोग पुग्न सक्नेछ । | २.४.२ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| ८ | राष्ट्रिय सहकारी नीति, २०६९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मन्त्रालय शिक्षा , तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने, कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने, महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको | सहकारीका मध्यमबाट गरिवी निवारण र आर्थिक समृद्धि प्राप्त गर्ने उद्धेश्य रहेको र महिला, गरिब, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायलाई नीतिको उद्धेश्यले समेटेको छ। | सबै नीति तथा कार्यनीतिको कार्यान्वयनमा सहकार्य हुनसक्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पहुँच अभिबृद्धि गर्ने । | | |
| ९ | बिपन्न नागरिक स्वास्थ्योपचार सहायता निर्देशिका, २०७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | क्यान्सर, मुटुरोग, मृगौलारोग, अल्जाइमर, पार्किन्सस, हेड इन्जुरी र स्पाइनल इन्जुरी रोगबाट पिडित विपन्न नागरिकलाई पूण या आर्शिक स्वास्थ्योपचार सेवा प्रदान गर्ने | विपन्न नागरिकलाई अति खर्चिलो रोगहरुको स्वास्थ्योपचारका लागि भएकोले यसले गरिवी निवारणमा मद्दत गर्दछ। | २.४.४ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| १० | औद्योगिक नीति २०६७, | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | गुणस्तरीय तथा प्रतिष्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिबृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरी सहित औद्योगिक वस्त«को निर्यात बढाउने, स्थानीय स्रोत, साधन, कच्चा पदार्थ, सीप र साधानको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने, | गुणस्तरीय तथा प्रतिष्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिबृद्धिबाट राष्ट्रिय आय र रोजगारी बढाउने उद्धेश्य रहेकोले गरिवी निवारणमा सहयोग पुग्न सक्ने । | २.४.१ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| ११. | गरिबी निवारणका लागी लघुउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७० | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | लघु उद्यमको विकास र प्रबद्र्धन गरी गरिबी निवारणमा सहयोग पुर्याउनका लागि लघुउद्यम विकास कार्यक्रमको सफल कार्यान्वयनको ढांचालाई अनुशरण गरी नेपाल सरकारले स्वीकृतगरेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम रणनीतिक योजना २०७० लाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान तयार गरिएका कार्यक्रमहरुलाई नियमित र व्यवस्थितरुपमा संचालन गर्नका लागि निर्देशिका जारी गरिएको प्रस्तवनामा उल्लेख भएको | लघु उद्यमको विकास र प्रबद्र्धन गरी गरिबी निवारणमा सहयोग पुग्ने देखिन्छ । | २.४.१ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | विकास सहायता नीति, २०७१ | अर्थ मन्त्रालय | नीतिको दफा २.१२ मा नेपाल सरकारका विभिन्न मन्त्रालय वीच आर्थिक विकासका गतिविधिहरुसंग सम्बन्धित बैदेशिक सहायता समन्वय गर्ने उद्धेश्य लिएको पाइन्छ । | अन्तर–सरकारी संयुक्त आर्थिक आयोगको परिकल्पना गरिएको हुँदा यस नीतिसंग राष्ट्रिय बैदेशिक सहायता नीति,२०७१ को प्रत्यक्ष सहकार्य सम्भव छ । | बैदेशिक सहायता गरिब लक्षित कार्यक्रममा, उत्पादनशिल रोजगारी सिर्जना तथा उत्पादनमूलक कार्यमा लक्षित गर्ने सवालमा यस नीतिसँग सहकार्य हुनसक्ने। |
| १३ | राष्ट्रिय युवा नीति, २०७२ | युवा तथा खेलकुद मन्त्रालय | नीतिको दफा ५ को उपदफा ३, दफा ७ को उपदफा १ र ५,६ लगायतले युवाहरुको सीप विकास, उद्यमशीलता जस्ता क्षेत्रलाई प्राथमिकता दिइएको पाइन्छ । | यस नीतिले बैदेशिक रोजगारीमा जान चाहने गरिब समुदायका युवाहरुलाई स्वदेशमा रोजगारी सिर्जना गर्ने र बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई उद्यमशीलतामा संलग्न गराउने लक्ष्य लिएकोले यस नीतिसंग प्रत्यक्ष नीतिगत सहकार्य हुनसक्छ । | सवै नीतिहरु र यसका रणनीति तथा कार्यनीतिमा सहकार्य हुन सक्ने। |
| १४ | राष्ट्रिय जलविद्युत विकास नीति २०४९ | उर्जा, जलस्रोततथा सिँचाई मन्त्रालय | यस नीतिको दफा ४ को उपदफा १६ र १८ मा स्थानीय गरिब समुदायलाई जलविद्युत निर्माणकार्यमा रोजगारी प्रदान गर्ने देखि लिएर योजनाबा विभिन्न लाभहरु प्रदान गर्ने लक्ष्य लिइएको पाइन्छ । | उपरोक्त दफ बाहेक उक्त नीति मार्फत जलविद्युत आयोजना सञ्चालन भएका क्षेत्रमा रहेका गरिब समुदायलाई लाभ पुग्ने गरी र जल विद्युत योजनामा गरिबहरुको शेयर संलग्न गराई | २.४.३ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उनीहरुको गरिबी दिगोरुपमा निवारण गर्ने कार्यमा सहकार्य हुन सक्छ। | |
| १५ | राष्ट्रिय कृषि जैविक विविधता नीति | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | नीतिको उद्धेश्यमै नागरिकको खाद्य सुरक्षा, खाद्य अधिकार सुनिश्चित गर्ने, जैविक विविधताको लाभसम्म सबैको समान पहुँच निश्चित गर्ने उल्लेख भएको पाइन्छ। | यस नीतिको उद्धेश्य, रणनीति र कार्यनीतिहरु गरिब ब्यक्ति, परिवार र समुदाय को समृद्धि प्रति प्रतिबद्ध भएकोले प्रत्यक्ष रुपमा नीतिगत सहकार्य सम्भव छ । | २.४.२ र २.४.४ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| १६ | प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम नीति, २०६९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | देशका आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनसिल जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरुको व्यापक विस्तार गरी सबै ईच्छुक नागरिकका लागि समावेशी एवं समतामुलक पँहुच स्थापित गर्ने। | सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरुको व्यापक विस्तार गर्ने कार्यमा सहकार्य एवं समन्वय हुनसक्छ। | २.४.१ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |
| १७ | आपूर्ति नीति, २०६९ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अत्यावश्यक बस्तु तथा सेवामा सहज पहुँच नपुगेका न्यून आय भएका विपन्न तथा दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने । | खाद्यान्न अभाव भएका क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नुका साथै गरिबी तथा न्यून आय भएका वर्गका लागि चामल, पिठो, नुन, चिनी, मट्टितेल जस्ता अत्यावश्यक वस्तु राज्य सुविधा (रासनकार्ड) को माध्यमबाट सहुलियत रुपमा उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्ने कार्यनीति प्रस्तावित नीतिसंग सम्बन्ध राख्दछ । | २.४.४ नीति यसका रणनीति तथा कार्यनीति कार्यान्वयनमा सहकार्य हुनसक्ने। |

**अनुसूची २**

(गरिबी निवारण नीतिको बुँदा नं. ३.१.१ (क) संग सम्बन्धित)

नेपाल सरकारका विभिन्न मन्त्रालयमा गरिवी निवारणसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको विश्लेषण

| क.सं. | आयोजना परियोजनाको नाम | प्रमुख कार्यहरु | लक्षित वर्ग<br>व्यक्ति परिवार समुदाय | प्रस्तावित नीतिमा यसको कार्यगत सम्बन्ध |
|---|---|---|---|---|
| १. | रोजगार कोष (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा डिएफआइडी, एसडिसि, अस्टएड, विश्व बैंक, एशियाली विकास बैंकको सहयोगमा हेल्भेटासद्वारा सञ्चालित) | व्यवसायिक शीप विकास तालिम सञ्चालन<br>शीप परीक्षण<br>रोजगारी तथा स्वरोजगारी प्रदान<br>आय विश्लेषण | अति विपन्न, सीमान्तकृत, अशिक्षित तथा मात्र साक्षर र अपाङ्गता भएका व्यक्ति | प्रस्तावित नीतिले लक्षित गर्न खोजेको र गर्नु पर्ने गरिब व्यक्ति, परिवार र समुदायलाई लक्षित गरिएको हु«दा रणनैतिकरुपमा सहकार्यको सम्भावना रहेको । |
| २. | लघु उद्यम विकास कार्यक्रम (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा युएनडिपिको सहयोगमा सञ्चालित) | स्थानीय स्तरमा उद्यमशीलतका लागि उपयुक्त स्रोत र सम्भाव्यता अध्ययान शीप विकास तालिम सञ्चालन लघु उद्यम स्थापनाका लागि प्राविधिक तथा आर्थिक योगदान बजारीकरण तथा क्षमता विकास | अति गरिब, गरिब महिला, सीमान्तकृत समुदायका व्यक्ति, परिवार र समुदाय | उद्योग मन्त्रालय र युएनडिपिसँगको साझेदारीमा सञ्चालित र धेरै हदसम्म गरिबहरुसम्म पहुँच भएकाले प्रस्तावित नीतिको प्रभावकारी कार्यान्वयनमा सहकार्य हुनसक्ने |
| ३. | विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कोष | मुटुरोग, मृगौलारोग, अल्जाइमर्स, पार्किन्सस, क्यान्सर, हेड इन्जुरी र | मुटुरोग, मृगौलारोग, अल्जाइमर्स, पार्किन्सस, क्यान्सर, हेड इन्जुरी | स्वास्थ्य एउटा आधारभूत आवश्यकता भएको र यस कार्यक्रमले विपन्न नागरिकलाई लक्षित गरेको हुँदा |

| | | | | |
|---|---|---|---|---|
| | (स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सञ्चालित) | स्पाइनल इन्जुरी रोगका विरामी विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा पूर्ण तथा आंशिक सहयोग प्रदान गर्ने | र स्पाइनल इन्जुरी रोगका विरामी विपन्न नागरिक (व्यक्ति) | नीतिगत रुपमा साझेदारी हुन सक्ने |
| ४. | साना किसान विकास आयोजना (कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र कृषि विकास बैंकद्वारा सञ्चालित) | ग्रामीण गरिब किसान परिवारलाई साना किसान समूहमा आबद्ध गरी उनीहरुको संस्थागत विकास गराई सो मार्फत कृषिमा आधारित समूहगत आर्थिक व्यवसाय र उत्पादनमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने, आवश्यक ऋण सुलभ व्याजदरमा प्रदान गर्ने | साना किसानहरु, ग्रामीण गरिब परिवारका मानिसहरु | साना किसान विकास आयोजना ग्रामीण गरिब किसानहरुको आयबृद्धि र गरिवी निवारणलाई लक्षित गरिएको हुँदा नीतिगत तथा कार्यगत सहकार्य हुनसक्ने। |
| ५. | साना तथा मझौला कृषक आयबृद्धि परियोजना (कृषि तथा पशुपंक्षी विकास मन्त्रालयद्वारा एसीयाली विकास बैंक तथा एसएनभीको सहयोगमा सञ्चालित) | उच्च मूल्यका वाली लगाउन सहयोग मूल्यचक्रमा स्तरोन्नति समावेशी कृषि बजार तथा व्यवसाय विकासमा आर्थिक तथा प्राविधि सहयोग बजार विस्तार तथा क्षमता विकास | गरिब लगायतका ग्रामीण किसान परिवार र समुदाय | ग्रामीण गरिब किसानहरु प्रति लक्षित कार्यक्रम रहेकोले ग्रामीण गरिवी निवारणमा साझेदारी हुनसक्छ । |
| ६. | व्यवसायिक शिक्षा तथा तालिम परियोजना (शिक्षा, विज्ञान तथा प्रविधि | शीप विकास तालिम प्रदान शीप परीक्षण रोजगारी, स्वरोजगारी प्रदान | अति गरिब, गरिब, सीमान्तकृत, महिला, अपाङ्गता भएका व्यक्ति | अति गरिब, गरिब तथा सीमान्तकृत समुदायका व्यक्तिहरुलाई लक्षित गरिएको हुँदा यसले प्रस्तावित नीतिको कार्यान्वयनमा मद्धत गर्दछ । |

| | | | | |
|---|---|---|---|---|
| | मन्त्रालयद्वारा<br>विश्व बैंकको सहयोगमा मा सञ्चालित) | आम्दानी विश्लेषण | | |
| ७. | सुनौला हजार दिन<br>(संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा विश्व बैंकको सहयोगमा सञ्चालित) | पोषण तथा खाद्य सरक्षाका लागि सामुदायिक कार्य | ३ महिना वा सो भन्दा कम समय मात्र खान पुग्ने गरिब परिवारका शिशुहरु लक्षित | बर्षमा ३ महिना मात्र पुग्ने अति विपन्न परिवारका शिशुहरुलाई लक्षित गरिएको हुँदा न्यूनतम आधारभूत आवश्यकता पूर्ति गरी गरिवी निवारण कार्यमा सहयोग पुग्न सक्ने र प्रस्तावित नीतिको कार्यान्वयनमा प्रत्यक्ष योगदान दिन सक्ने |
| ८. | शहरी गरिबहरुका लागि सामुहिक आवास योजना<br>(शहरी विकास मन्त्रालयद्वारा सञ्चालित) | सामुहिक आवास भवनहरु निर्माण गरी सुलभ र सहजरुपमा वितरण गर्ने र शहरी आवास व्यवस्थित गर्ने | शहरका विभिन्न भागमा अव्यवस्थित तवरले बसोबास गर्न बाध्य शहरी गरिब परिवार | शहरी गरिबहरुको आवास जस्तो आधारभूत आवश्यकता सम्बोधन गरी शहरी गरिवी निवारणमा सहकार्य गर्न सकिने । |
| ९. | जनता आवास परियोजना<br>(शहरी विकास मन्त्रालयद्वारा सञ्चालित) | न्यून लागतमा सुलभ र सहज आवास भवनहरु निर्माण गरी प्रदान गर्ने | ग्रामीण गरिब र खासगरी विभिन्न प्रकारका प्रकोप पिडित परिवारहरु प्रति लक्षित | ग्रामीण गरिबहरुको आवास जस्तो आधारभूत आवश्यकता सम्बोधन गरी शहरी गरिवी निवारणमा सहकार्य गर्न सकिने |
| १०. | सहकारी आवास योजना<br>(शहरी विकास मन्त्रालय र सहकारी विभागद्वारा युएन ह्याविटाटको सहयोतमा सञ्चालित) | सामुदायिकस्तरमा र सामुहिकरुपमा न्यून लागतको आवास भवनहरु निर्माण गरी शहरी गरिब परिवारलाई वितरण गर्ने | शहरी गरिब परिवारहरु लक्षित | शहरी गरिब परिवार प्रति लक्षित भएको र सहकारी विभागसँगको सहकार्यमा सञ्चालन गरिने भएको हुँदा प्रस्तावित नीति मार्फत मन्त्रालयले प्रत्यक्षरुपमा सहकार्य गर्न सक्ने । |

| | | | | |
|---|---|---|---|---|
| ११. | कर्णाली विकास कार्यक्रम (राष्ट्रिय योजना आयोगद्वारा विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित) | कर्णाली अञ्चलका विभिन्न जिल्लाका गरिब परिवारलाई रोजगारी प्रदान गर्ने | कर्णाली अञ्चलका विभिन्न जिल्लाका गरिब परिवार | भौगोलिकरुपमै विकट कर्णाली अञ्चलमा ग्रामीण गरिवी निवारणका लागि लक्षित कार्यक्रमबाट यस नीतिको कार्यान्वयनमा पाठ लिन सक्ने । |
| १२. | स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा सञ्चालित) | | स्थानीय स्तरका सबै तह र क्षमताका नागरिक र खासगरी विपन्न, सीमान्तकृत, महिला तथा अपाङ्गता भएका व्यक्तिहरु | यस कार्यक्रमको खास उद्धेश्य स्थानीय शुसाशन सुदृढ गरी तथा स्थानीय विकास प्रक्रियालाई लोकतान्त्रिक तवरबाट सवल बनाई गरिवी निवारण गर्ने नै भएकोले प्रस्तावित नीति मार्फत दुवै मन्त्रालयले नीति तथा कार्यगत तहमा प्रत्यक्ष सहकार्य गर्न सक्ने । |
| १३. | सामुदायिक वन कार्यक्रम (वन तथा वातावरण मन्त्रालयद्वारा सञ्चालित) | सामदायिक वन प्रवर्द्धन<br>क्षमता विकास<br>काष्ठ तथा गैर काष्ठ वन पैदावार विकास कार्यक्रम<br>उपभोक्ता समितिका सदस्यहरु मध्ये गरिब र सीमान्तकृत परिवारको आर्थिक उत्थानका लागि आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने | सामुदायिक वनका सदस्यहरु र ती मध्ये विपन्न र सीमान्तकृत परिवारहरु | सामुदायिक वन उपभोक्ता समूहहरु गरिब र सीमान्तकृत लगायत सबैको सहज पहुँच भएको क्षेत्र हो र यसबाट ग्रामीण गरिवी निवारणमा नीतिगत तथा कार्यगत रुपमा योगदान दिन सक्ने । |
| १४. | कवुलियती वन कार्यक्रम | वनका छेउछाउमा वनमा आधारित | वनका छेउछाउ बसोबास गर्ने | गरिब किसान परिवार प्रति लक्षित भएकोले ग्रामीण गरिवी |

| | | | | |
|---|---|---|---|---|
| | (वन तथा वातावरण मन्त्रालयद्वारा सञ्चालित) | कृषि व्यवसाय सञ्चालन तथा व्यवस्थापन वनमा आधारित कृषि व्यवसायका लागि  तालिम प्रदान | गरिब किसान परिवार | निवारणमा नीतिगत रुपमै सहकार्य हुनसक्ने |
| १५. | महिला विकास कार्यक्रम<br>(महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा सञ्चालित) | शीप विकास तालिम<br>नेतृत्व विकास तालिम,<br>वीउ पूँजि प्रदान<br>सहकारीकरण<br>लैगिंक विभेद अन्त्यका लागि सशक्तीकरण | महिला र खासगरी विपन्न समुदायका महिलाहरु प्रति लक्षित | मन्त्रालयको महिला विकास विभाग मार्फत ७५ वटै जिल्ला कार्यालहरुद्वारा सञ्चालन हुने सबै कार्यक्रमहरु महिला र खासगरी विपन्न सीमान्तकृत, बृद्धा, अपाङ्गता भएका र विभेदमा परेका महिलाहरु प्रति लक्षित हुने भएकोले प्रस्तावित नीति मार्फत कार्यगत साझेदारी हुनसक्ने |
| १६. | मुक्त कमैया हलिया पुनस्थापन कार्यक्रम<br>(भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा सञ्चालित) | घडेरी तथा खेतीयोग्य जमीन खरिदका लागि ऋण प्रदान<br>कृषि लगायत अन्य तथा शीप विकास तालिम प्रदान | मुक्त कमैया तथा हलिया जस्ता अति गरिब तथा विपन्न परिवार तथा समुदायका मानिसहरु | मुक्त कमैया तथा हलिया जस्ता अति गरिब तथा विपन्न परिवार तथा समुदायका मानिसहरु प्रति लक्षित कार्यक्रम भएकोले प्रस्तावित नीति कार्यान्वयनमा योगदान पुग्नसक्ने । |
| १७ | सुकम्बासी समस्या समाधान कार्यक्रम<br>(भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा सञ्चालित) | देश भरीमा रहेका सुकुम्बासीहरुलाई आवास तथा कृषिका लागि जग्गा वितरण गर्ने | विभिन्न कारणले भूमिहिन भएका सुकुम्बासीहरु र गरिब परिवारहरु | भूमिहिनहरुमा व्याप्त गरिवी निवारणका लागि सहकार्य हुनसक्ने । |
| १८. | युवा रोजगार तथा स्वरोजगार कार्यक्रमहरु<br>(युवा तथा खेलकद | शीप विकास तालिम<br>युवा रोजगार तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम | सबै क्षेत्रका युवाहरु र खासगरी गरिब तथा सीमान्तकृत समुदाय र | गरिब तथा सीमान्तकृत समुदाय र परिवारका युवाहरु लक्षित कार्यक्रमहरु रहेका र केही सहकारी मार्फत सञ्चालनमा रहेकाले नीतिगत तथा कार्यगत सहकार्य |

| | | | | |
|---|---|---|---|---|
| | मन्त्रालयद्वारा सञ्चालित) | | परिवारका युवाहरु | हुनसक्ने |
| १९. | व्यवसायिक सीप विकास तालिम (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालित) | रोजगारी तथा स्वरोजगारीमूलक शीप विकास तालिम कार्यक्रम सञ्चालन | विपन्न समुदाय तथा परिवारका व्यक्तिहरु र खासगरी महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिहरु | विपन्न समुदाय तथा परिवारका व्यक्तिहरु लक्षित कार्यक्रम भएकाले प्रस्तावित नीतिको कार्यान्वयनमा योगदान पुग्नसक्ने |
| २०. | गरिबसँग विश्वेश्वर कार्यक्रम (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा सञ्चालित) | गरिब व्यक्ति तथा परिवारको आयआर्जन वृद्धि, सशक्तिकरण, जिवनस्तर माथी उठाउने | अति गरिब, गरिब महिला, सीमान्तकृत एवं विपन्न समुदायका व्यक्ति, परिवार र समुदाय | विपन्न समुदाय तथा परिवारका व्यक्तिहरु लक्षित कार्यक्रम भएकाले प्रस्तावित नीतिको कार्यान्वयनमा योगदान पुग्नसक्ने |
| २१. | दलित विद्यार्थीहरुका लागि छात्रबृत्ति योजना | | दलित समुदायका विद्यार्थीहरु | गरिबका रुपमा पहिचान भएका परिवार, दलित समुदायका परिवार र कर्णाली लगायतका विकट भौगोलिक क्षेत्रका विद्यार्थीहरुका लागि लक्षित गरी कार्यान्वयनमा रहेका यस्ता कार्यक्रमहरु मन्त्रालयले प्रस्तावित नीति मार्फत समन्वयमा काम गरी गरिबी निवारणको लक्ष्यमा दीर्घकालिन योगदान दिन सकिन्छ । |
| २२. | कर्णालीका विद्यार्थीहरुका लागि छात्रबृत्ति योजना | | कर्णाली अञ्चलका विद्यार्थीहरु | |
| २३. | अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रबृत्ति योजना (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय) | | अपाङ्गता भएका विद्यार्थीहरु | |
| २४. | प्रधानमन्त्री रोजगार कार्यक्रम (श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालित) | क्षमता अभिबृद्धि र स्वरोजगारी, रोजगार सेवा तथा सहायता,रोजगारी सिर्जनामा निजी क्षेत्रहरुसंग सहकार्य,सार्वजनिक निर्माण कार्यहरु | यस कार्यक्रमका लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछन् । | कामका लागि पारिश्रमिक मार्फत गरिबी न्यूनीकरण र सामाजिक संरक्षणमा योगदान पु¥याउने उद्देश्य रहेको साथै कार्यक्रमका अन्य उद्देश्यहरु पनि प्रस्तावित नीतिसँग तादाम्य देखिन्छ । |